दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

-सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
-सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
-विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
-सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं,
-सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
-सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखा पर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३६ | अंक २३३ | बुटवल | २०८१ भदौ ०३, गते सोमबार | नेपाल संवत ११४४ | Monday Aug.19, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## सूर्यदर्शन सहकारीका पूर्वसचिव पक्राउ

बुटवल । पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाका पूर्वसचिव पक्राउ परेका छन् । पर्साको वीरगञ्ज महानगरपालिका-१४, श्रीपुर स्थायी घर भइ हाल पोखरा महानगरपालिका-१७, घारीपाटन बस्ने ४८ वर्षीय अनुज नकर्मीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। नकर्मी सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था, पोखराका पूर्वसचिव हुन् ।

प्रहरीका अनुसार, नकर्मी बचतकर्ताको रकम हिनामिना एवं अपचलन गरेर ठगी गरेको कसुरमा संलग्न रही फरार रहेका थिए ।

उनलाई शुक्रबार काठमाडौंको दक्षिणकालीबाट पक्राउ गरेर कारबाहीका लागि कास्की लगिएको छ । आइतबार उनलाई जिल्ला अदालत कास्कीमा उपस्थित गराइएको कास्की प्रहरीले जानकारी दिएको छ ।

सहकारीका अध्यक्ष जीबी भन्ने गितेन्द्रबाबु राई फरार छन् । सोही सहकारीको ठगीमा संलग्न रहेको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध पनि पीडितले जिल्ला प्रहरी कार्यालय कास्कीमा जाहेरी दिएका छन् । तर प्रहरीले उनीविरुद्धको जाहेरी कारबाही प्रक्रियामा नलगी अनुसन्धान नै गरिरहेको जनाएको छ ।

प्रहरीले ६ महिनासम्म पनि रविविरुद्धको जाहेरी कानुनी प्रक्रियामा अगाडि बढाएको छैन

## साफ यू-२० फुटबलमा नेपाल विजयी

बुटवल । साफ यू-२० च्याम्पियनसिपमा नेपालले विजयी सुरुवात गरेको छ ।

ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा आइतबार भएको उद्घाटन खेलमा नेपालले श्रीलंकालाई १-० गोल अन्तरले पराजित गर्दै च्याम्पियनसिपमा विजयी सुरुवात गरेको हो ।

पहिलो हाफमा निराजन धामीले गरेको गोल नै नेपालका लागि निर्णायक बन्यो ।

खेलको २४औं मिनेटमा निराजन धामीको गोलमा नेपाली युवा टोलीले सुरुवाती अग्रता बनाएको हो । श्रीलंकाका गोलरक्षकसहित ७ खेलाडीलाई बिट गर्दै गरेको निराजनको सशक्त प्रहारले पोष्टको जाली चुमेको थियो ।

त्यसपछि खेलमा थप गोल हुन नसक्दा नेपालले जित हात पारेको हो ।

» बाँकी ३ पेजमा

# सुधार हुँदै अर्थतन्त्र : निजी क्षेत्र आशावादी

**सात वर्षपछि चालु खाता वार्षिक रूपमा नाफामा देखिएको छ भने विदेशी मुद्राको सञ्चितीमा पनि ऐतिहासिक रेकर्ड कायम भएको छ। निजी क्षेत्रमा जाने कर्जा बढेको र निक्षेपमा पनि उल्लेख्य वृद्धि भएको छ। गत वर्ष १४ खर्ब ४५ अर्ब ३२ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ भने प्रत्यक्ष वैदेशिक लगानी पनि बढेको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०८०/०८१ मा अर्थतन्त्रका सूचकहरु सुधारोन्मुख देखिएका छन् । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनअनुसार अर्थतन्त्रका सूचकहरु अधिकांश सकारात्मक र सुधरोन्मुख देखिएपछि निजी क्षेत्र समेत आशावादी बनेको छ । यसले चालु आर्थिक वर्षमा लगानी विस्तार र रोजगारी वृद्धि हुन सक्ने आशा गर्न सकिन्छ ।

गत आर्थिक वर्षमा महँगी घट्नुका साथै खुम्चिएको आयात र निर्यातमा पनि सुधार भएको छ । सात वर्षपछि चालु खाता वार्षिक रूपमा नाफामा देखिएको छ। आयात घटेको कारण मुलुकको चालु खाता पनि दुई खर्ब २१ रुपैयाँ नाफामा देखिएको हो । यस्तो खाता आर्थिक वर्ष २०७३-७४ देखि नोक्सानमा रहँदै आएको थियो। चालु खातालाई मुलुकको खुद आम्दानीको रूपमा समेत हेरिन्छ।

गत आर्थिक वर्ष २०८०/८१ मा मुलकबाट बाहिरिनेभन्दा भित्रिने रकम पाँच खर्ब दुई अर्बले धेरै भएको छ। मुलुकले गर्ने आम्दानी, विदेशी सहायता, प्रत्यक्ष वैदेशिक लगानीलगायत सबै गरेर बाहिरिने रकमभन्दा भित्रिने रकम धेरै भएको हो। यसलाई भुक्तानी सन्तुलन अथवा शोधानान्तर बचत समेत भनिन्छ।

अघिल्लो वर्षको असोजदेखि मुलुक भुक्तानी सन्तुलनमा देखिन थालेको हो। प्रत्यक्ष वैदेशिक लगानी ३६.१ प्रतिशतले बढेर आठ अर्ब ४० करोड रुपैयाँ पुगेको छ।

अघिल्लो आर्थिक वर्षको असारसम्म ७.४४ प्रतिशतमा पुगेको विन्दुगत उपभोक्ता मूल्यवृद्धि गत असारसम्म घटेर ३.५७ प्रतिशतमा सीमित भएको छ। यता औसतमा वार्षिक उपभोक्ता मूल्यवृद्धि पनि ५.४ प्रतिशतमा ओर्लिएको छ। अघिल्लो वर्ष यस्तो दर ७.७४ प्रतिशतमा थियो।

गत आवमा शोधनान्तर स्थितिमा व्यापक सुधार देखिँदा चालू खाता पनि बचतमा आइपुगेको छ। विदेशी विनिमय सञ्चिति बढेर १५ महिना बढीको वस्तु आयात र १३ महिनाको वस्तु र सेवा दुवै आयात धान्नसक्ने अवस्थामा पुगेको छ।

अर्थतन्त्रको मुख्य आधार मानिने रेमिट्यान्स पनि बढेको छ । सरकारले खर्च गर्न नसक्दा बजारमा नगद प्रवाहको अवस्था भने खस्किँदो छ । यसलाई आधार मान्दै राष्ट्र बैंकले गत आवकै मौद्रिक नीतिको समीक्षाबाट कर्जा विस्तार बढाउने नीति लिँदै आएको छ। यसले पनि अघिल्लो वर्षहरु संकुचित बन्नपुगेको




आयातनिर्यातको अवस्थालाई केही खुकुलो बनाउने मद्दत पुऱ्याएको देखिन्छ।

यद्यपि कर्जा प्रवाह भने यो वर्ष अपेक्षाकृत सन्तोषजनक देखिएन। ब्याजदर दोहोरो अंकमा पुग्दा कर्जा प्रवाह बढ्न नसकेको हो। राष्ट्र बैंकका अनुसार गत असारसम्म ५.८ प्रतिशतले मात्रै बढेको हो।

राष्ट्र बैंकले ११ प्रतिशतको कर्जा प्रवाहको अपेक्षा राखे पनि अर्थतन्त्र चलायमान बन्न नसक्दा बजारमा कर्जा प्रवाह फितलो देखिएको छ भने निक्षेप उल्लेख्य बढ्न पुगेको छ। गत आर्थिक वर्षमा वार्षिक उपभोक्ता मुद्रा मूल्यवृद्धि घटेर ५.४४ प्रतिशतमा आइपुगेको छ। अघिल्लो वर्ष यस्तो मूल्यवृद्धि ७.७४ प्रतिशतमा थियो।

समग्रमा गत वर्ष महँगी घटे पनि वस्तुगत हिसाबमा भने अघिल्लो वर्षको तुलनामा महँगी बढेको देखिन्छ। गत वर्ष खाद्य तथा पेय पर्दाथको मूल्यवृद्धि ६.६२ प्रतिशतबाट घटेर ६.४७ प्रतिशतमा ओर्लिए पनि मरमसला, चिनी तथा गेडागुडीको मूल्यवृद्धि बढेको हो।

अघिल्लो वर्षको तुलनामा गत वर्षमा सर्वसाधारणले मरमसालामा २६.४० प्रतिशत, दाल तथा गेडागुडीमा ९.९६ प्रतिशत, चिनी तथा चिनीजन्य वस्तुहरुमा ८.८७ प्रतिशतले बढी मूल्य तिर्नुपरेको थियो। तर यो अवधिमा घ्यू, तेलमा भने उपभोक्ताले १०.९९ प्रतिशतले कम मूल्य तिर्नुपर्यो। तरकारी तथा पेयपदार्थको मूल्यवृद्धि देखिए पनि घ्यू, तेलमा भने यो वर्ष मूल्यवृद्धि घटेको हो।

अघिल्लो वर्षको तुलनामा यो वर्ष सरकारको चालू खाता र शोधनान्तर स्थिति दुवै बढेर बचतमा देखिएको हो। अघिल्लो वर्ष चालू खाता ४६ अर्ब ५७ करोडले घाटामा रहेकोमा असार मसान्तसम्म बढेर २ खर्ब २१ अर्ब ३४ करोड रुपैयाँले बचतमा देखिएको हो। त्यस्तै शोधनान्तर स्थितिमा पनि अघिल्लो वर्षको तुलनामा व्यापक सुधार देखिएको छ। अघिल्लो वर्षको समीक्षा अवधिमा २ खर्ब ८५ अर्ब ८२ करोड रुपैयाँ बचतमा रहेकोमा यो वर्ष बढेर ५ खर्ब २ अर्ब ४९ करोड रुपैयाँमा पुगेको हो।

» बाँकी ३ पेजमा

# देवदहको प्रशासनिक कार्यालय क्षेत्रमा वायु प्रदूषण

पटक/पटक प्रदूषणको कारण समस्या झेल्नु परेको भन्दै नगरपालिकाले पाल्पा सिमेन्ट उद्योग र लक्ष्मी स्टील कम्पनीलाई सचेत गराए पनि प्रदूषण न्यूनीकरण गर्न चासो नदिएको स्थनीयवासीको गुनासो छ।



**गोबिन्द घर्ती**
*देवदह*

देवदह नगरपालिकाको कार्यालय रहेको क्षेत्रमा वायु प्रदूषण बढेको वायु प्रदूषण मापन परिणक्षणले देखाएको छ । छिमेकी पालिका नवलपरासीको सुनवल-७, सिसानीमा रहेको पाल्पा सिमेन्ट र लक्ष्मी स्टील कम्पनी तथा अन्य उद्योगबाट निस्केका धुँवा र धुलोका कारण वायु प्रदूषण बढेको हो।

देवदह नगरपालिकाले गरेको वातावरणीय प्रदूषण निगरानीको प्रतिवेदनअनुसार मापदण्डभन्दा बढी प्रदूषण भएको देखिएको छ। लुम्बिनी एग्रो इन्भाइरोमेण्ट ल्याव प्रालिले गरेको वायु प्रदूषण मापनले मानिसको स्वास्थ्यमा असर पुऱ्याउने गरेको प्रतिवेदनमा उल्लेख गरेको छ। हावामा धुलोको मात्रा अधिक रहेको प्रतिवेदनमा देखाइएपछि प्रदूषणका कारण फोक्सोको क्यान्सर हुने खतरा रहेको देवदह नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक गिरी तरामुले बताए। हावामा अत्याधिक मात्रामा धुलोका कण मिसिएपछि त्यसले मानिसको स्वास्थ्यमा असर गर्ने तरामुले बताए।

प्रतिवेदनले देवदह नगरपालिका क्षेत्रमा हावामा धुलोको मात्रा अत्याधिक बढेको कारण सिधैं मानव स्वास्थ्यमा असर गर्ने उल्लेख गरेको छ। प्रतिवेदनले एलर्जी, स्वासप्रवासमा समस्या देखिन उल्लेख गरेको छ। प्रतिवेदनले नगरपालिका क्षेत्रमा हावामा धुलोको मात्रा बढिभएका कारण अनिवार्य माक्स प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ। प्रतिवेदनमा पार्टीकलर म्याटर (पिए) २.५ मा ४० हुनु पर्नेमा ५३ रहेको र पार्टीकलर म्याटर (पिए) १० मा १२० हुनु पर्नेमा १२६ रहेको प्रतिवेदनमा उल्लेख गरेको छ। प्रतिवेदनमा आवाज र पानीमा समेत प्रदूषण बढेको देखाइएको छ।

प्रतिवेदन प्राप्तपछि देवदह नगरपालिका क्षेत्रमा वायु प्रदूषण धेरै देखिएको नगरप्रमुख ध्रुवप्रसाद खरेलले बताए। प्रदूषणको कारण मानव स्वास्थ्यमा नकरात्मक असर पुऱ्याउने भएकोले प्रदूषण गर्नेहरुलाई बोलाएर छलफल गर्ने प्रमुख खरेलको भनाइ रहेको छ। प्रदूषण घटाउन निर्देशन दिने र निर्देशन अनुसार प्रदूषण नघटेमा कानुनी कार्बाहीमा जाने नगरप्रमुख खरेलले बताए।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले कम्पनीहरुले वातावरणीय मापदण्ड पालना गर्न आवश्यक रहेको बताए। उनले वातावरणीय मापदण्ड पालना गर्न आग्रह गर्ने र वेवास्ता गरेमा कानुनी कार्बाहीको प्रक्रिया अगाडि बढाउने जनाए। पटक/पटक प्रदूषणको कारण समस्या झेल्नु परेको भन्दै नगरपालिका र पाल्पा सिमेन्ट उद्योगलाई सचेत गराए पनि प्रदूषण न्यूनीकरणको काम हुन नसकेको स्थनीयवासी विजय चौधरीले बताए। किसानले लगाएको बालीनालीको पातमा धुलो टासिने, कपडा सुकाएर राख्दा धुलो टासिने, घर भित्र धुलो जम्ने जस्ता समस्या रहेको चौधरीले बताए। यस्तो समस्या समाधान गर्न पटक/पटक आग्रह गरे पनि समस्या समाधान नभएको स्थानीयवासीको भनाइ रहेको छ। नागरिकको खेतीपाती र कपडामा मात्र होइन देवदह नगरपालिकाको मुख्य केन्द्र कायपालिकाको कार्यालयमा समेत धुलो टासिएर समस्या बढ्दै गएपछि नगरपालिकाले वातावरणीय प्रदूषण मापन गराएको हो। वातावरणीय प्रदूषण मापनले वायुमण्डलमा अत्याधिक धुलो र धुँवा मिसिएको प्रतिवेदन दिएपछि न्यूनीकरणको लागि काम अगाडि बढाउने पाल्पा सिमेन्ट उद्योगका प्रतिनिधि जीवन निरौलाको भनाइ रहेको छ। उद्योगलाई मापदण्डभित्र ल्याएर सञ्चालन गर्न आफूहरु तयार रहेको निरौलाको भनाइ रहेको छ। उद्योगबाट निस्केको धुँवा र धुलोको कारण प्रदूषण बढिरहेकोले यसको न्यूनीकरणको लागि सम्बन्धित निकायले पहल गर्न आवश्यक देखिन्छ। यसैबिच देवदहको बुद्ध सामुदायिक वनले डम्पिङ्ग साइडमा फोहोर फाल्न नदिएपछि देवदह नगरपालिका र बुद्ध सामुदायिक वनको संयुक्त टोलीले अनुगमन गरेको छ। देवदह नगरपालिकाले डम्पिङ्ग साइड व्यवस्थापन नगरेको भन्दै बुद्ध सामुदायिक वनले फोहोर फाल्न रोकेको थियो। डम्पिङ्ग साइडमा फोहोर फाल्न नदिएपछि नगरपालिका र बुद्ध सामुदायिक वनले संयुक्त रुपमा अनुगमन गरेको हो। डम्पिङ्ग साइडको व्यवस्थापन गर्न नगरपालिकालाई पटक/पटक आग्रह गरे पनि वेबास्ता गरेपछि डम्पिङ्ग साइडमा फोहोर फाल्न नदिएको बुद्ध सामुदायिक वनका अध्यक्ष टेकबहादुर रानाले बताए।

डम्पिङ्ग साईड व्यवस्थापन नगर्दा दुर्गन्ध फैलिएको र दुर्गन्धका कारण स्थानीयवासीले समस्या झेल्न बाध्य भएपछि फोहोर फाल्न नदिएको अध्यक्ष रानाले जनाए। नगरपालिका क्षेत्रबाट निस्केको फोहोर डम्पिङ्ग साइडमा लगेर फाल्ने, तर व्यवस्थित गर्दा दुर्गन्ध फैलिएका कारण आफूहरुले बाध्य भएर फोहोर रोक्नु परेको अध्यक्ष रानाले बताए। डम्पिङ्ग साइडको अनुगमन गरेपछि सञ्चारकर्मीहरुसँग बोल्दै नगर प्रमुख ध्रुवप्रसाद खरेलले तारवार गरेर डम्पिङ्ग साइडलाई व्यवस्थित गर्ने बताए। उनले समस्या समाधानको लागि विकल्पहरु खोज्दै अगाडि बढ्नेमा आफूहरु तयार रहेको बताए।

नगर प्रमुख खरेलले घर/घरबाट निकस्को फोहोरलाई वर्गीकरण गर्ने हो भने समस्या समाधान गर्न सहज हुनेमा जोड दिए। उनले डम्पिङ्ग साइडलाई तत्काल व्यवस्थित गरेर फोहोर व्यवस्थापन गर्ने बताए।



## सम्पादकीय

# व्यवहारिकताको कसीमा सूचनाको हक

लोकतन्त्रमा सरकार खुला हुन्छ। खुला सरकारले नै सुशासन कायम गर्न सक्छ, नागरिकको विश्वास जित्न सक्छ। खुला सरकारको मान्यतालाई व्यवहारमा स्थापित गर्न सूचनाको हकसम्बन्धी ऐन २०६४ ल्याइएको हो। लामो संघर्ष, छलफल र बहसपछि सूचनाको हकसम्बन्धी ऐन बन्न सफल भएको हो। आज सूचनाको हकसम्बन्धी ऐन बनेको १८ वर्ष पुगेको छ।

सरकारका हरेक निकाय र कार्यालयका गोप्य राख्नुपर्ने बाहेक सबै सूचना नागरिकले माग्न पाउने र ती कार्यालयले माग गरे बमोजिम सूचना दिनुपर्ने ऐनमा उल्लेख छ। सरकारी मात्रै नभएर सार्वजनिक सरोकारका सबै संघसंस्थाले आफ्ना गतिविधि सार्वजनिक गर्नुपर्ने र नागरिकले माग गरे अनुसार सूचना दिनुपर्ने ऐनमा तोकिए पनि व्यवहारिकताको कसीमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन कमजोर छ। खुला सरकारको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्दा लोकतान्त्रिक प्रणाली बलियो हुने हो। प्रणालीलाई बलियो बनाउने गरी अहिले भइरहेको पहलकदमी कमजोर छ। सूचना नागरिकलाई सहजै उपलब्ध गराउने होइन्, सकेसम्म सूचना लुकाउने प्रवृत्ति सरकारी निकायमा हावी छ। सूचना अधिकारी राख्ने तर सहजै काम गर्ने वातावरण तयार गरिएको छैन। कार्यालयको अभिलेख अध्यावधिक गरी उपलब्ध गराउने, माग गरेअनुसार सूचना उपलब्ध गराएर सहयोग गर्नुको साटो कार्यालयका अरू कर्मचारीले असहयोग गर्ने गरेका सूचना अधिकारीहरूका गुनासा छन्। काविल कर्मचारी सूचना अधिकारी राख्नुपर्नेमा अरू काममा योग्य नभएका कर्मचारीलाई सूचना अधिकारी राख्ने प्रवृत्तिले सूचनाको हकसम्बन्धी ऐनलाई व्यवहारिक कार्यान्वयन गर्न बाधा पुगेको छ।

सूचना अधिकारलाई व्यवहारिक रूपमा स्थापित गर्न अनुगमन र मूल्याङ्कनको खाँचो छ। राष्ट्रिय सूचना आयोगले अहिलेसम्म भए गरेका कामको मूल्याङ्कन गरी आगामी दिनमा सूचना अधिकारलाई व्यवहारिक रूपमा स्थापित गर्न तहगत सरकारसँग समन्वय गरी कार्यक्रम अघि बढाउनुपर्छ। आयोगलाई पर्याप्त स्रोत उपलब्ध गराउन सके सरकारको कामलाई सकारात्मक प्रभाव पर्छ किन कि हरेक विषय खुला गराउनका लागि लगानी भयो भने सुशासनको प्रत्याभूति हुने हो। नागरिकको तहमा पनि सूचना माग्ने बानी विकास भइसकेको छैन। सूचना माग्ने काम र अधिकार केवल पत्रकारको मात्रै हो भन्ने भ्रम समाजमा छ। सूचना माग्ने र पाउने अधिकार हरेक नागरिकलाई छ। सूचनाको हकसम्बन्धी ऐनले हरेक नागरिकले सूचना माग्न पाउने अधिकारको ग्यारेण्टी गरेको छ भन्ने सन्देश प्रवाह हुन सकिरहेको छैन। जसले बुझेका छन्, उनीहरूले पनि व्यवहारिक प्रयोग गर्न सकिरहेका छैनन्। केही पत्रकार र सूचना अधिकार अभियन्ताहरूले सूचना माग्ने काम गरिरहेका छन्। उनीहरूको मात्रै नभई आम नागरिकले सूचना अधिकारका लागि अग्रसर हुँदा मात्रै ऐन कार्यान्वयन हुने हो। सूचना अधिकारमा नागरिक सक्रियता बढ्दा सरकारी निकायलाई जवाफदेही र जिम्मेवार बनाउन बल पुग्छ।

# जनैपूर्णिमाको महत्व र प्रचलन



टेकराज पन्थी



हिन्दुहरूको धार्मिक तथा साँस्कृतिक पर्व श्रावणी पूर्णिमाका दिन अध्यायोपाकर्म, वेदोपाकर्म वा वेदारम्भ कर्म गरी मनाइन्छ। यसै दिन महर्षि याज्ञवल्क्यले आदित्य ब्रह्म(सूर्य)बाट वेद प्राप्त गरेका थिए। अतः यस दिनलाई वेदजयन्तीको रूपमा पनि चिनिन्छ। यसै दिनलाई जनैपूर्णिमा पनि भनिन्छ। नयाँ यज्ञोपवित तथा रक्षाबन्धन धारण गरी यस पर्वलाई धुमधामका साथ मनाइन्छ।

वैदिक सनातन वर्णाश्रम धर्म मान्ने तागाधारी जातिहरूले अघिल्लो दिनदेखि नै चोखोनितो गरी एक छाक खाने, त्यस दिन बिहानै नित्यस्नान, प्रातःसन्ध्योपासना गरी सम्भव भए मध्याह्नमा नदी, तलाउमा गई सम्भव नभए घरकै पवित्र जलले अपामार्ग, गाईको गोबर तथा चोखो स्थानको माटो कुशपानी आदि लगाई विधिपूर्वक श्रावणी निमित्तक मध्याह्न स्नान, सन्ध्योपासना आदि सम्पन्न गर्दछन्। त्यसपछि जौ, तिल, कुश साथमा लिई अविच्छिन्न वंश परम्परा जोगाएका उपाध्याय वैदिक ब्राह्मणहरूलाई गुरु थापी विधिपूर्वक आफ्ना शाखाका वेद-वेदांगको पाठ गर्दछन् वा सुन्छन्। त्यसपछि आ-आफ्ना गोत्र, प्रवर र ऋषिगणहरूको तथा वर्तमान समयका अरुन्धतिसहित सप्तर्षि मण्डलको विधिपूर्वक पूजा गरी ऋषितर्पणी, यज्ञोपवीताभिमन्त्रण (जनै मन्त्रने काम)गर्दछन्। आज हिन्दुहरूको महान चाडको रूपमा जनै पूर्णिमा अर्थात् रक्षाबन्धनको पर्वको रूपमा परापूर्वकाल देखि मनाउँदै आएको छ।

जनैपूर्णिमाको दिन मुलरूपमा ब्राह्मणहरूद्धारा मन्त्र उच्चारण गर्दै यजमानहरूलाई पवित्रताको सूचक धागो बाँधेर उनीहरूको जीवनमा विभिन्न प्रकारको अशुभता, दरिद्रता, भाग्यहीनता र असुरक्षालाई समाप्त गर्ने प्रयास गरिन्छ भनेर विभिन्न धर्मग्रन्थमा उल्लेख भए पनि, यसलाई विद्वान समाजमा जे-जसरी लिउन् तर आफन्तको माया र पवित्रता देखाउनु नराम्रो पक्कै हैन, दिदीबहिनीले दाजुभाइलाई बोलाएर जनै दिने हातमा धागो अर्थात् राखी बानी उपहार दिँदै उनीहरूको सु-स्वास्थ, दिर्घायु जीवनको लागि कामना गर्दै आशीर्वाद दिने र विभिन्न थरीका खाने कुरा, ढकने (खिरको परिकार), सेलरोटी, खिचडीजस्ता खानेकुरा आजको दिनमा सबैभन्दा महत्वपूर्ण रहने भएकोले मीठो स्वादमा पकाएर दाजुभाइलाई खान दिने र हाँसीखुसी खाँदै सबैले यो चाड मनाउने गर्दछन् भने आजको दिनमा बुढापाकाले भने आफूले मान्य आफ्ना ज्वाइँचेलालाई बोलाएर ज्वाइँबाट हातमा धागो बान्दै जनै फेर्ने र ज्वाइँलाई टिका लगाई हातमा फल तथा दक्षिणा दिने चलन छ। हिन्दु धर्मावलम्बी ब्राह्मणबाट सुरु हुने यो चार्ड हर्ष र उल्लासका साथ आफ्नो संस्कृति र धर्मको पालना गर्दै मनाउँदै आएको छ।

चाडवाडले जीवनमा एउटा बेग्लै रङ्ग थपिदिन्छ। खुसीयालीको चाड विशेषगरी विभिन्न रङ्गीन राखीहरूले पसलहरूमा झिलिमिल थपेका हुन्छन्। अनि दिदिबहिनी हुनुहुन्छ भने आफ्ना दाजुभाइहरूका लागि राखी खरिद गरी राखी बाँधिदिने प्रचलन छ। अनि दाजुभाइहरूले भने आफ्नी दिदिबहिनीहरूका लागि के-कस्तो उपहार दिने भन्ने तरखर गरेका हुन्छन्। हरेक चाडवाडको आ-आफ्नै महत्व र सन्दर्भ हुन्छ। कुनै चाड माटोको चाड हुन्छ, कुनै पानीको चाड र आज यो जनैपूर्णिमा भने धागो र बन्धनको चाड हो। अर्थात् बन्धन, पवित्रता र सुरक्षाको बन्धन हो।

ब्राह्मण र क्षेत्रीय पुरुषहरूले हिन्दु परम्पराअनुसार यज्ञोपवित अर्थात् जनै लगाउने चलन रहिआएको छ। बाल्यकालपश्चात् विधिपूर्वक व्रतबन्ध कर्म सम्पन्न गरी गुरु-पुरोहितद्वारा अरूले नसुन्नेगरी कानमा गायत्री मन्त्रको उच्चारण गरेपछि एउटा निष्ठामय धर्म र सत्यको बाटो अवलम्बन गर्ने दृढ संकल्प लिएर देब्रे काँधमाथि पर्नेगरी दाहिने हातको मुन्तिर पारेर गुरू पुरोहितले मन्त्रेर तयार पारेको जनै अर्थात् यज्ञोपवित धारण वा ग्रहण गरिन्छ।

मन्त्रले जपेको जनै छवटा काँचो धागो (६ सुते धागो) लाई दुई बेग्लाबेग्लै गाँठो पारिसकेपछि सबैलाई एक ठाउँमा राखेर तयार पारिन्छ। जसलाई वार्षिकरूपमा आजैको दिन परिवर्तन गर्ने चलन रहिआएको छ। जनैमा रहने दुईवटा शिखाका ६ वटा धागोको डोरामध्ये एउटा शिखामा रहेका तीनडोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको तीनवटा डोरालाई कर्म, उपासना र ज्ञानको योग मानिन्छ। आजको दिनको मन्त्रस्येन बद्धो वलिराजा दानवेन्द्रो महावलस्। तेन त्वां प्रतिबध्नामि रक्षे मा चल मा चल। अर्थात् 'जुन रक्षा (काँचो धागो)ले दानवहरूको महान राजा वलिलाई बाँधिएको थियो, म तिमीलाई त्यही धागोले बाँध्दछु, यो रक्षा बन्धनले तिम्रो सदैव रक्षा गर्नेछ।' आजको दिनलाई नेपाल भाषामा गुंपुन्ही पनि भनिन्छ। नेवार समुदायले आजको दिनलाई 'गुँला महिनाको पुन्हि' अर्थात् 'गुँपुन्ही' भनेर मनाउँछन्। यसै अवसरमा उपत्यकाका भित्री शहरका बहाल विहारमा 'बहिद्यः ब्वयेगु' भनेर दीपंकर बुद्धका मूर्ति एवं यससँग सम्बन्धित अरू मूर्ति, सामान प्रदर्शनका लागि राखिन्छ। आज विभिन्न गेडागुडी भिजाएर नेवार समुदायमा क्वाटी खाने चलन छ।



रक्षाबन्धन बाँधिएको धागो निकालेर गाई तिहारका दिन गाइलाई माला उनेर लगाइदिने अथवा पुच्छरमा बेरीदिने चलन पनि छ। हिन्दु परम्पराअनुसार यसो गर्दा पुण्य प्राप्त हुने विश्वास रहिआएको छ। कतिपयले आफैँ गुरु पुरोहितकहाँ गई या मठमन्दिरमा गएर रक्षाबन्धन बाँध्ने गर्दछन्।। यसै दिन दिदीबहिनीहरूले आफ्ना दाजूभाइका दाहिने हातका नाडिमा दिर्घायू र सफलताको कामना गर्दै रंगीचंगी धागो र फूल जोडिएको राखी लगाइदिने चलन चल्दै आएको छ।

नेपालको तराई क्षेत्रमा राखीको चलन र यस चाडको महत्व एकदमै बढिरहेको छ। आजको दिन ज्वाइँ ससुराली गएर ससुराको हातबाट जनै फेर्ने चलन पनि प्रचलित छ। आज काठमाडौँको पशुपतिनाथ, भक्तपुरको कुम्भेश्वर महादेव, गुल्मीको रेसुङ्गा र रिडीको ऋषिश्वर मठमा, रसुवाको गोसाइँकुण्ड, जनकपुरको गंगासागर, धनुषासागर, महोत्तरीको जलेश्वरनाथमा, सोलुखुम्बुको दूधकुण्ड, खोटाङको हलेसी, जुम्लाको दानसाधु, नगरकोटलगायतका पर्वतीय शिखर, महादेवस्थान र त्रिवेणीधामलगायत विभिन्न धार्मिक स्थान, मठ, मन्दिर, पवित्रस्थल, नदी किनारमा मेला पनि लाग्दै आएको छ।

विशेषतः ब्राह्मण, क्षेत्री या अन्य कुनै वैदिक धर्म पालन गर्ने समुदायमा ब्राह्मण पुरोहितसँग हातको नाडीमा मन्त्रेको डोरा लगाएर यो पूर्णिमा मनाइने गरिएको छ। सनातन हिन्दु वैदिक ग्रन्थअनुसार काँचो धागोबाट बनेको जनैलाई ब्रह्मसूत्र अर्थात् वेदोक्तकर्म सम्पादनार्थ तथा वेद अध्ययन निमित्त योग्यता हासिल गर्नका लागि ग्रहण गर्न मन्त्रिएर तयार पारिएको ६ सूते धागोको समूह हो जसलाई तयार पार्दा ३-३ वटा डोराको दुईवटा बन्धन तयार पारिन्छ जसलाई शिखा भनिन्छ। शिखाहरूमध्ये एउटा जनैका शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को जनैका शिखामा रहेका तीन डोरालाई कर्म, उपासना र ज्ञानका प्रतिकको योग मानिन्छ।

परिवर्तित परिपेक्ष्यमा चुँडाकर्म या उपनयन सकेका ब्राह्मण वा क्षेत्री मात्रभन्दा पनि चित्त शुद्ध गरेर आस्थावान जो कोही सनातन धर्मका अनुयायीले पनि यज्ञोपवित अर्थात् जनै अरुलाई लगाइदिन र आफूले पनि लगाउन सक्दछन्। स्मरण रहोस् मन्त्रिएका यज्ञोपवितहरूको धारण गर्नाले सभिथा अर्थात् सूर्य भगवानको प्रत्यक्ष ऊर्जा प्राप्त गर्ने र त्यसमा गायत्री मन्त्रको उच्चारणले शारीरिक, मानसिक र आध्यात्मिक सामर्थ्यको वृद्धि हुने विश्वास छ। साथै यज्ञोपवित धारण गरेपछि समस्त सनातन कर्महरूको कर्ता र अभियन्ता बन्न योग्य पनि ठहऱ्याउँछ।

आजभोलि वैदिक सनातन धर्मलाई केवल जातीय आधार र छुवाछुतका रूपमा लिइने चलन छ, जुन अत्यन्त सङ्कुचित कुण्ठा मात्र हो। यज्ञोपवितले ब्राह्मणपथमा लाग्ने राहदानीको कार्य गर्दछ तथापि ब्राह्मणपथ भन्नाले जन्म हैन कर्मले प्राप्त हुने पथ हो। आत्मिक शुद्धता, सकल जगतको भलो अनि अध्ययनशीलताको पथ नै ब्राह्मण पथ हो। ब्राह्मणलाई केवल जात, भाषा र खलकका रूपमा मात्र हैर्न हुँदैन। जुनसुकै धर्म या जातीय पृष्ठभूमिको भए पनि अध्यनशीलता र आत्मिक शुद्धताको ब्राह्मणपथमा आलीन हुन सक्दछन्।

यो चाडमा गेडागुडी भिजाएर अंकुरित भएका गेडागुडीबाट बनेको 'क्वाँटी' खाने चलन पनि छ। नेपाल भाषामा क्वातिको शाब्दिक अर्थ 'क्वाः' भनेको तातो परिकार 'ति' भनेको झोल त्यसैले 'क्वाति' भनेको झोलिलो परिकार हो। आजको दिनलाई क्वाँटी खाने दिन पनि भनिन्छ। दुई दिनअघिदेखि पानीमा भिजाई राखिएको विभिन्न ९ प्रकारका गेडागुडीहरू (मुङ, मास, भटमास, सानो केराउ, मस्याङ, चना, सिमी, बोडी र बकुल्लो) गरी नौ थरिका गेडागुडी मिसाइएको हुन्छ। मिसाएर तयार पारिएको मिश्रणमा जब टुसा उम्रिन्छ त्यसलाई क्वाँटी भनिन्छ। हरियो टुसा पलाएको गेडागुडीलाई विशेषगरी झोल तरकारीको रूपमा पकाएर खाने गरिन्छ र यो दिन विशेषको महत्वपूर्ण स्वाद पनि हो।

आजको दिन क्वाँटी खाएमा पाचनक्रियासँग सम्बन्धित विभिन्न रोगहरू हट्ने जनविश्वास रहिआएको छ। नेवार समूदायले खाने विशेष प्रकारको क्वाँटीलाई 'न्वाँगी' भनिन्छ। देशमा हुनुहुन्छ या विदेशमा हुनुहुन्छ, परिवारसँग हुनुहुन्छ या परिवार बाहिर हुनुहुन्छ, तपाई जुनसुकै धर्ममा आस्था राख्नुहुन्छ या राख्नुहुन्न, तपाईंहामी जहाँ छौँ जे गर्दै छौँ, आजको यो सांस्कारिक काँचो धागो वा दाजुभाइ, दिदीबहिनीहरूबीचको माया, स्नेह र बन्धनको चाडले हामी सबैलाई यस आदिकालीन परम्पराको निरन्तरतालाई युगौँयुगसम्म निरन्तर प्रेम, सद्भावको चिनारीको रूपमा अघि बढिरहोस्।

धर्मले संस्कार, अनुशासन, मर्यादा, जिम्मेवारीको पाठ सिकाउने गर्दछ। आजको यस पर्वले आफन्तसँग भेटघाट, भाइचाराको विकास, संस्कारको विकास तथा उमङ्गको समयका रूपमा लिने गरिन्छ। कोरोनाको महामारीले गर्दा यस वर्ष भव्यरूपमा मनाउन सकिने छैन तर सामाजिक परम्परा अनुसार सामाजिक दूरी कायम गरी रक्षाबन्धन पर्व मनाउनुपर्ने अवस्था सिर्जना भएको छ। आजको यस महत्वपूर्ण पर्वको अवसरमा सकारात्मक सोच र आत्मीयताको विकासका लागि शक्ति प्रदान गर्न सकोस् भन्ने आसा एवं विश्वासका साथ सम्पूर्ण महानुभावहरूमा हार्दिक शुभकामना छ।

# तीन हजार बिन्दुबाट ओरालो लाग्यो नेप्से परिसूचक



काठमाडौँ। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३४ दशमलव ४७ अङ्कले ओरालो लागेर दुई हजार नौ सय ६६ दशमलव ३३ मा सीमित भएको हो।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ६५ अङ्कले ओरालो लागेर पाँच सय २८ दशमलव ८५ मा सीमित भएको छ। नेप्सेका अनुसार कूल छ करोड ५४ लाख ७५ हजार तीन सय ६६ कित्ता शेयर रु २८ अर्ब ८३ करोड ६९ लाख ९७ हजार तीन सय ७६ मा कारोबार भएको छ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ। राष्ट्रिय बिमा कम्पन, लाइफ इन्स्योरेन्स कर्पोरेसन, मल्टीप्रपोज फाइनान्स कम्पनी र सम्पदा लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै, लिवर्टी इनर्जी कम्पनीका लगानीकर्ताले नौ दशमलव ९३ प्रतिशतले कमाएका छन्।

नेपाल फाइनान्स १०, सगरमाथा जलविद्युत् कम्पनी आठ दशमलव ५२, न्यादी हाइड्रोपावर आठ दशमलव ४६, शुभम पावर सात दशमलव ७४ र मातृभूमि लघुवित्तका लगानीकर्ताले सात दशमलव ५८ प्रतिशतले गुमाएका छन्।

# ८२ युनिट रगत संकलन

बुटवल। रोटरी क्लब अफ तिलात्तमा रुपन्देहीले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। बुटवलस्थित रक्तसञ्चार केन्द्रको भवनमा सम्पन्न भएको रक्तदान कार्यक्रमा ८२ युनिट रगत संकलन भएको कार्यक्रम संयोजक भगवति अर्यालले जानकारी दिइन्।

पछिल्लो समय रगत अभावका समाचारहरु विभिन्न सञ्चार माध्यममा आएसँगै क्लबले रक्तदान कार्यक्रमको आयोजना गरेको उनले बताइन्।

रोटरी क्लब अफ तिलोत्तमा रुपन्देहीको आयोजना तथा रोट्र्याक क्लब अफ तिलोत्तमा देवदह, तिलोत्तमा रुपन्देही र तिलोत्तमा शुद्धोधनको सहआयोजनामा भएको रक्तदान कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशसभा सदस्य जमुना ढकालले पछिल्लो समय रगत अभावका कुराहरु सुन्नमा आएको भन्दै रगत अभाव हुन नदिनको लागि घरभित्रबाट नै रक्तदानको महत्वको विषयमा जानकारी दिनुपर्ने बताइन्।

उनले १७ वर्षको उमेर पूरा गरेसँगै रक्तदान गर्न सकिने भए पनि परिवारमा रक्तदानको विषयमा जानकारी दिन नसक्दा बेला बेला रगत अभावका समाचारहरु आइरहेको बताउँदै परिवारका अन्य सदस्यलाई पनि रक्तदानको महत्वको विषयमा बुझाउन सके रगतको अभावमा कसैले ज्यान गुमाउन नपर्ने उनले बताइन्।

कार्यक्रममा बोल्दै नेपाल स्वयंसेवी रक्तदाता समाजका केन्द्रीय महासचिव एवं रुपन्देहीका अध्यक्ष कृष्ण चौहानले समाजमा जान्ने बुझ्ने बन्ने र रक्तदान भनेपछि पछि हट्ने वर्गका कारण रगतको सहज व्यवस्थापन गर्न गाह्रो भएको बताए। उनले रुपन्देहीमा दैनिक १२० युनिटको हाराहारीमा




रगतको माग रहेको बताउँदै अहिले हुने रक्तदान कार्यक्रमले पर्याप्त रुपमा रगतको माग धान्न मुस्किल पर्ने गरेको बताए।

उनले नियमित रुपमा सबैले ९० दिन पछि स्वस्फुर्त रुपमा रक्तदान गर्ने बानिको विकास गर्न सकेमा रगत अभावलाई कम गर्न सकिने जनाए। क्लबको ६४४औँ नियमित बैठकसँगै आयोजित रक्तदान कार्यक्रम क्लबका अध्यक्ष देवीराम पाण्डेको अध्यक्षतामा भएको थियो।

कार्यक्रममा क्लबका पूर्व अध्यक्ष एवं रोटरी डिष्ट्रिकका सह-सचिव कृष्णप्रसाद शर्मा, संस्थापक अध्यक्ष डोलराज गैरे, सचिव अर्जुनप्रसाद आचार्यलगायतले बोलेका थिए। यसैबिच क्लबले रक्तसञ्चार भवनमा रत्तदानसम्बन्धी विभिन्न सचेतना सामग्री समेत वितरण गरेको छ। रक्तदानसँग सम्बन्धित विभिन्न प्लेकार्डहरु क्लबले सो अवसरमा प्रदान गरेको हो।

# आरम्भ चौतारीद्वारा धितो मूल्यांकन/परियोजना विश्लेषण तालिम



बुटवल । आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.को आयोजनामा सातैवटा प्रदेशमा कार्यरत १३५ जना शाखा प्रमुख तथा १८ जना कार्यक्रम अधिकृतहरुको लागी धितोमूल्यांकन तथा परियोजना विश्लेषणसम्बन्धी तालिम सम्पन्न गरेको छ।

कोशी र मधेश प्रदेशमा कार्यरत ३७ जना शाखा प्रमुख तथा ४ जना कार्यक्रम अधिकृत गरी ४१ जनाको लागी श्रावण २२ र २३ गते कोशी प्रदेशको इटहरीमा, वाग्मती र गण्डकीप्रदेशमा कार्यरत ३२ जना शाखा प्रमुख तथा ४ जना कार्यक्रम अधिकृत गरी ३६ जनाको लागि श्रावण २६ र २७ गते बागमी प्रदेशको सौराहा, चितवनमा, लुम्बिनी प्रदेश पूर्वमा कार्यरत ३१ जना शाखा प्रमुख तथा ४ जना कार्यक्रम अधिकृत गरी ३५ जनाको लागि श्रावण २८ र २९ गते लुम्बिनी प्रदेशको बुटवलमा र लुम्बिनी प्रदेश पश्चिम र कर्णाली प्रदेशमा कार्यरत ३५ जना शाखा प्रमुख तथा ६ जना कार्यक्रम अधिकृत गरी ४१ जनाको लागि श्रावण ३० र ३१ गते लुम्बिनी प्रदेशको नेपालगञ्जमा तालिम सम्पन्न गरेको छ।

तालिममा विषेश गरी शाखाहरुले लघुउद्यम कर्जा वृद्धि गराउन धितो मूल्यांकनलाई कसरी प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ, घर जग्गा धितो लिंदा के के विषयमा ध्यान दिने, तराई र पहाडमा रहेका बाटो भएको घडेरीयोग्य जग्गाहरु तथा खेतीयोग्य जग्गाहरु कति क्षेत्रफल सम्मको धितो लिने, खोलानाला, हाइटेन्सन लाइन नजिक, अन्तर्राष्ट्रिय वोर्डर नजिक, भिरपाखोका जग्गाहरु लिंदा कति दुरी टाढा र कस्ता किसीमको जग्गा धितो लिने, जग्गाको नापजाँच कसरी गर्ने, नक्सा तथा लालपुर्जाको निरीक्षण गर्ने विधि बारेमा क्रमशः ईटहरीमा इञ्जिनियर आमोदराम आचार्य, सौराहामा इञ्जिनियर गोविन्द बानियाँ, बुटवलमा इञ्जिनियर अमित खनाल र नेपालगञ्जमा इञ्जिनियर विवेक लामिछानेले प्रशिक्षण दिएका थिए।

परियोजना विश्लेषण, वजारीकरण कसरी गर्ने, असल ग्राहकको पहिचान कसरी गर्ने, कस्तो व्यावसायलाई कर्जा लगानी गर्ने, व्यावसायिक योजना कसरी तयार गर्ने, DSCR निकाल्ने तरिकार, आम्दानीअनुसार किस्ता बनाइ दिने तरिका, वास्तविक र यथार्थपरक आउने गरी नगद प्रवाह कसरी भर्ने, कर्जा परियोजना तथा धितोको सुक्ष्म विश्लेषण कसरी गर्ने, कागतजातहरु के के लिने, जीपीएस कोड नं. किन र कसरी लिने, सदुपयोगीता रेकर्ड निरीक्षणको महत्व, निरिक्षण विधि आदि विषयहरुमा कर्जा विभाग प्रमुख टोपबहादुर रास्कोटीले प्रशिक्षण दिएका थिए । उक्त कार्यक्रममा लेखा विभाग प्रमुख मनरुपा पौडेलले सहभागीहरुलाई लेखासम्बन्धी विषयहरुमा र सामान्य सेवा विभाग प्रमुख ख्यामकान्त अर्यालले कार्यालय सञ्चालनसम्बन्धी विषयमा प्रशिक्षण दिएका थिए।

सबै प्रदेशहरुको तालिममा सहभागी भएका संस्थाका प्रमुख कार्यकारी अधिकृत शिवप्रसाद ज्ञवालीले तालिम समापन कार्यक्रममा सहभागीहरुलाई सम्बोधन गर्दै संस्थामा कार्यरत कर्मचारीहरु सक्षम भएमा मात्र संस्था बलियो हुने भएकोले यस वर्ष सबै कर्मचारीहरुको वृत्तिविकासका लागि आन्तरिक तथा बाह्य तालिम आयोजना गरिने बताए । विगतमा कर्जा विश्लेषण गलत भएकोले लगानी भएका कर्जा असुलीमा समस्या आएको बताउँदै उनले अब लगानी हुने कर्जाहरु शतप्रतिशत असुली ग्यारेन्टी हुनुपर्ने बताएका थिए।

तालिमले सबैको क्षमता अभिवृद्धि गरी लघुउद्यम कर्जाको गुणस्तरीय लगानी हुने अपेक्षा राखेको बताउँदै शाखामा कार्यरत सहकर्मीहरुलाई तालिममा सिकेका कुराहरु सिकाएर सबैजना सक्षम हुन निर्देशन उनले दिए। यस आर्थिक वर्षमा कुल लगानी गर्ने कर्जामध्ये ७५ प्रतिशत धितो कर्जा लगानी गरी कुल लगानीमा रहेको कर्जाको ३३ प्रतिशत हिस्सा धितोमा आधारित कर्जा हुनुपर्ने उनले जनाए । लुम्बिनी प्रदेशको बुटवलमा आयोजित सभालाई सम्बोधन गर्दै संस्थाका अध्यक्ष विनोद ज्ञवालीले तालिममा सिकेका विषयहरु व्यवहारमा उतारी संस्थामा अब लगानी हुने कर्जाहरु एउटा पनि भाखा नाघ्न नदिने गरी असल ग्राहक पहिचान गरेर लगानी गर्न र संस्थालाई अन्य संस्थाभन्दा अब्बल सावित गर्न निर्देशन उनले दिए।

ईटहरीको होटल त्रियुगामा श्रावण २२ गतेबाट सुरुवात भएको तालिम श्रावण ३१ गते नेपालगञ्जमा सम्पन्न भएको थियो।

चारै प्रदेशको तालिममा कोशीका नि. प्रदेश प्रमुख विजयकुमार पासवान, बागमतीका प्रदेश प्रमुख श्यामकृष्ण महर्जन, लुम्बिनी प्रदेश प्रमुख अमरनाथ सेढाइ, कर्णाली प्रदेश प्रमुख सन्तोष चन्द र वित्त विभाग प्रमुख मनरुपा पौडेलले आ-आफ्ना भनाइ राखेका थिए। सबै प्रदेशमा सहभागीहरुलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत शिवप्रसाद ज्ञवालीले प्रमाणपत्र प्रदान गरेका थिए।

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडको ६ प्रदेश, ५३ जिल्लाहरुमा १३५ शाखा कार्यालयहरु, ६ प्रदेश कार्यालय र केन्द्रीय कार्यालय गरी १४२ कार्यालय सञ्जालमार्फत् संस्थाले लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ। संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने गरिब, विपन्न परिवारका महिलाहरुलाई समूहमा आबद्ध गराइ विना धितो तथा धितो कर्जा लगानी गर्नुका साथै व्यवसायिक सीपमूलक तालिम, वित्तीय साक्षरता तालिम कार्यक्रमहरु सञ्चालन गर्दै ग्राहक सदस्यहरुको आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आइरहेको छ। २०८१ असार मसान्तसम्म ९९ हजार सदस्य, ३५ हजार ऋणीमार्फत् १ अर्ब ५८ करोड बचत संकलन गरी ४ अर्ब २५ करोड कर्जा लगानी गरेको छ।

# सकियो लेडी जेसीस सप्ताह

बुटवल । लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले समाज रुपान्तरणका लागि बुटवल लेडी जेसीजलगायत सामाजिक संघसंस्थाले महत्वपूर्ण योगदान गरेको बताएका छन् । बुटवल लेडी जेसीजको आयोजनामा सञ्चालन भएको जेसीज सप्ताहको समापन गर्दै मन्त्री कार्कीले बुटवल महिला जेसीजले विकासका चारवटै क्षेत्रलाई महत्त्व दिएको बताए ।

कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय कार्यकारी उपाध्यक्ष जेसीआइ सिनेटर सन्दीप अग्रहरि, नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष गणेश सापकोटा, नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष गणेश सापकोटा, सल्लाहकारहरू बालकुमारी भण्डारी, सिनेटर राधिका पोखरेल, अनुपमा श्रेष्ठ, निवर्तमान अध्यक्ष कमला लम्साल साथै रामग्राम लेडी जेसीजका अध्यक्ष विनिता खड्कालगायतले बोलेका थिए ।

अध्यक्ष संगीता ढकालले बुटवल लेडी जेसीजको भवन मर्मत सम्हारका लागि अर्थ मन्त्रीलाई आग्रह गरेकी छन् ।

जेसीज सप्ताहअन्तर्गत महिला स्वास्थ्य सचेतना, सौन्दर्यकला सेमिनार, तिलोत्तमा ४ मा रहेको ज्येष्ठ नागरिक मिलन केन्द्रमा भोजन अर्पण तथा भजन कृतन, नेतृत्व विकास, शैक्षिक अन्तरसंवादजस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सम्पन्न गरेको मूल संयोजक सपना ज्ञवाली गैह्रेले जानकारी दिइन् ।

कार्यक्रममा मूल संयोजक कार्यकारिणी उपाध्यक्ष सपना ज्ञवाली गैह्रे, महासचिव रूपा श्रेष्ठ, अञ्जली पन्थ, अमिशा अर्यालले आ-आफ्ना भनाइ राखेका थिए ।

# प्रदेश संयोजकमा थापा



बुटवल । अर्थ सरोकार डटकमले लुम्बिनी प्रदेशमा आफ्नो ब्युरो कार्यालय स्थापना गरेको छ ।

सञ्चारकर्मी जीवन थापालाई प्रदेश प्रमुखको जिम्मेवारी दिइएको सञ्चालक/सम्पादक सुरज प्याकुरेलले बताए । सेयर बजारका अध्येयता सुवासचन्द्र भट्टराईले ब्युरोको उद्घाटन गर्दै लुम्बिनी प्रदेश आर्थिक हिसाबले चलायमान प्रदेश भएको बताए ।

# पाणिनीलाई पूर्ण पोषणमैत्री बनाइने



बुटवल । अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिकाले आगामी तीन वर्षभित्रमा गाउँपालिकालाई पूर्ण पोषणमैत्री घोषणा गर्ने नीति लिएको छ।

पूर्ण पोषणमैत्रीका लागि निर्धारण गरिएका सूचकहरू सुनिश्चितता भएको कारण पाणिनी गाउँपालिकाले सुरुमा धातिबाङ स्वास्थ्य चौकीलाई पूर्ण पोषणमैत्री घोषणा गरिसकेको छ।

त्यसैअनुसार पालिकाले सो अभियानलाई तथा लक्ष्यलाई साकार पार्न गाउँपालिकाको चमेना गृहमा पत्रु खानारहित हुने गरी चमेना गृह सञ्चालन गर्न सम्झौता पनि गरिसकेको छ।

पोषणसँग सम्बन्धित विद्यामान सकारात्मक व्यवहारको पहिचान र प्रोत्साहन गर्न अभियन्ता आदर्श व्यक्ति समूह तथा सामाजिक एवं सामुदायिक संस्थाहरुलाई समेत यस अभियानमा लाग्न र पूर्ण पोषणमैत्री पालिका बनाउन सबैबिच एक्यबद्धता हुन आवश्यक रहेको पालिकाले बताएको छ।

पाणिनी गाउँपालिकाले क्रमशः विभिन्न पालिकाभित्रका कार्यालय, स्वास्थ्य संस्थाहरू, विद्यालयहरूमा पत्रुखाना निरुत्साहित गरी पोषणयुक्त खाजा खान निर्देशन समेत गरेको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शेषकान्त घिमिरेले बताए।

# यो वर्ष धानको उत्पादन बढ्ने



बुटवल । यस वर्ष धानको उत्पादन बढ्ने अनुमान गरिएको छ । गत वर्षभन्दा ८ प्रतिशत बढी रोपाइँ भएको र वर्षा पनि भएकाले उत्पादन बढ्ने अनुमान छ। देशभर करिब ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। देशभर करिब १४ लाख हेक्टर जमिन धानखेतीका लागि उपयुक्त रहेकामा करिब १३ लाख ७२ हजार हेक्टर जमिनमा धान रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जनाएको छ।

गत आर्थिक वर्ष साउनसम्म करिब ९० प्रतिशत मात्र रोपाइँ भएकामा चालु आर्थिक वर्षको साउनसम्म आठ प्रतिशतले बढेर रोपाइँ सम्पन्न भएको हो। यस वर्ष देशभर राम्रो वर्षा भएकाले पनि रोपाइँ पनि देशभर राम्रोसँग भएको जनाइएको छ। धानको उत्पादन बढ्ने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए।

उनका अनुसार सुदूरपश्चिम प्रदेशमा शत प्रतिशत धान रोपाइँ गरिएको छ भने कोशी प्रदेशमा अन्य प्रदेशभन्दा कम ९५ प्रतिशत रोपाइँ सम्पन्न भएको तथ्यांक छ। गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशमा ९९ प्रतिशत तथा मधेस प्रदेशमा सबैभन्दा कम ६० प्रतिशत रोपाइँ सम्पन्न भएको थियो ।

आर्थिक वर्ष २०८०/०८१ मा धान र चामल गरी २१ अर्ब ३४ करोड रुपैयाँको आयात गरिएकामा आर्थिक वर्ष २०७९/०८० मा रु ३५ अर्ब ९० करोडको आयात गरिएको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा करिब १३ अर्बले आयात घटेको अभिलेख मन्त्रालयसँग छ।

यस वर्ष करिब छ प्रतिशतले धानको उत्पादन वृद्धि हुने अनुमान गरिएकाले आयात थप घट्ने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिए।

## सुधार...

**रेमिट्यान्स बढ्दा विदेशी सञ्चिति २० खर्बमा**

समीक्षा अवधिमा रेमिट्यान्समा पनि उल्लेख्य सुधार देखिएको छ भने आयात पनि अपेक्षित रुपमा नबढ्दा वैदेशिक सञ्चित बढ्न पुगेको छ।

आर्थिक वर्ष २०८०/०८१ मा रेमिट्यान्स १६.५ प्रतिशतले बढेर कुल १४ खर्ब ४५ अर्ब ३२ करोड रुपैयाँ भित्रिएको छ भने खुद ट्रान्सफर पनि १४.७ प्रतिशतले बढेर १५ खर्ब २४ अर्ब रुपैयाँ पुगेको छ।

बढ्दो रेमिट्यान्सले वैदेशिक सञ्चितिमा पनि टेवा पुऱ्याएको देखिन्छ। अघिल्लो वर्षको तुलनामा गत वर्ष ३२.६ प्रतिशतले बढेर विदेशी विनियम सञ्चिति २० खर्ब ४१ अर्ब १० करोड रुपैयाँमा पुगेको छ। यसले १५ महिना ६ दिनको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्नेछ। अघिल्लो वर्ष १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँको वैदेशिक सञ्चिति थियो।

**सरकारको आम्दानीको बढ्दा खर्च घट्यो**

अघिल्लो वर्षको तुलनामा सरकारले गर्ने खर्च घटेको छ भने आम्दानीको मुख्य स्रोत रहेको राजस्व संकलन सामान्यले बढेको छ।

अर्थ मन्त्रालयका अनुसार अघिल्लो वर्ष सरकारले १४ खर्ब २१ अर्ब खर्च गरेकोमा गत वर्ष १४ खर्ब ८ अर्ब रुपैयाँ खर्च गरेको हो। जसमा ९ खर्ब ५१ अर्ब चालू खर्च गर्दा १ खर्ब ९१ अर्ब पुँजीगत खर्च र २ खर्ब ६४ अर्ब रुपैयाँ वित्तीय खर्च गरेको हो। पुँजीगत खर्चमा सुधार गर्न नसक्दा त्यसले विकास आयोजनालाई भने नकारात्मक प्रभाव पार्ने गर्दछ।

राजस्वमा भने यस वर्ष सामान्य सुधार देखिएको हो। अघिल्लो वर्ष ९ खर्ब ५७ अर्ब रुपैयाँ राजस्व संकलन गरेको सरकारले गत वर्ष १० खर्ब ५८ अर्ब रुपैयाँ बराबरको राजस्व संकलन गरेको हो। अघिल्लो वर्ष कर्जा प्रवाह सुस्त देखिए पनि गत आवमा तुलनात्मक रुपमा ३.८ प्रतिशतले कर्जा प्रवाह बढेको छ। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा २ खर्ब ७६ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको हो।

अघिल्लो वर्ष १ खर्ब ७५ अर्ब रुपैयाँ मात्रै कर्जा प्रवाह भएको थियो। गत आवको मौद्रिक नीतिबाट राष्ट्र बैंकले कर्जा प्रवाहमा खुकुलो नीति लिनुका साथै दोहोरो अंकमा पुगेको ब्याजदरमा क्रमशः घट्न थाल्दा निजी क्षेत्रमा जाने कर्जाको रकम बढ्न पुगेको हो। यद्यपि यो पनि अपेक्षित वृद्धि भने होइन। राष्ट्र बैंकले ११ प्रतिशत कर्जा विस्तार गर्ने लक्ष्य लिए पनि ५.८ प्रतिशत मात्रै कर्जा प्रवाह भएको हो। चालू आवमा १२.५ प्रतिशत कर्जा प्रवाह गर्ने लक्ष्य लिइएको छ।

यो अवधिमा ६६.५ प्रतिशत कर्जा घरजग्गा धितोमा गएको छ भने १३.२ प्रतिशतश कर्जा सम्पतीको धितोमा गएको छ।

**घरजग्गा कारोबार १२ प्रतिशतले बढ्यो**

यसैबिच चालु आर्थिक वर्षको पहिलो महिना अर्थात् साउनमा देशभर ४३ हजार आठ सय ३५ संख्यामा घरजग्गा कारोबार भएको छ।

यो गत आर्थिक वर्ष सोही महिनाको तुलनामा ११.६४ प्रतिशतले बढी हो । भूमि व्यवस्था तथा अभिलेख विभागको तथ्यांक अनुसार गत वर्ष साउनमा देशभर ३९ हजार दुई सय ६३ संख्यामा कारोबार भएको थियो। कारोबार संख्या बढेसँगै राजस्व पनि बढेको छ। सरकारलाई साउनमा घरजग्गा कारोबारबाट तीन अर्ब ८३ करोड रुपैयाँ राजस्व प्राप्त भएको छ।

गत वर्ष साउनको तुलनामा यो वर्ष साउनमा ३१.७७ प्रतिशतले राजस्व वृद्धि भएको हो। गत साउनमा दुई अर्ब ९१ करोड रुपैयाँ राजस्व प्राप्त भएको थियो।

सरकारलाई घरजग्गा कारोबारबाट सेवा कर, रजिस्ट्रेसन दस्तुर, पुँजीगत लाभकरलगायत विभिन्न शीर्षकमा राजस्व प्राप्त हुन्छ। त्यसमध्ये सबभन्दा बढी रजिस्ट्रेसन (दर्ता) दस्तुर र पुँजीगत लाभकरबाट प्राप्त हुन्छ।

सरकार परिवर्तन र मौद्रिक नीतिका कारण घरजग्गा कारोबारमा सामान्य सुधार देखिएको नेपाल जग्गा तथा आवास विकास महासंघ (एनएचएलडिएफ) का अध्यक्ष भेषराज लोहनीले बताए।

चालु आर्थिक वर्षको मौद्रिक नीतिमा घरजग्गा व्यवसायीको लागि नयाँ व्यवस्था गरेको देखिँदैन। माग गरिएअनुसार मौद्रिक नीतिमा सम्बोधन नभए पनि अन्य क्षेत्र चलायमान हुँदा घरजग्गा क्षेत्र पनि चलायमान हुनेमा व्यवसायीहरू आशावादी छन्।

सरकारले कर्जा आम्दानीको अनुपात र लोन टु भ्यालु रेसियो ८० प्रतिशत पुऱ्याए घरजग्गा कारोबार बढ्ने महासंघका अध्यक्ष लोहनीको भनाइ छ।

नेपाल राष्ट्र बैंकले दुई करोड रुपैयाँसम्मको कर्जालाई व्यक्तिगत आवास कर्जा अन्तर्गत राखेको छ। यस्तो कर्जा लिँदा कर्जा र आम्दानीको अनुपात ६० प्रतिशत हुनुपर्ने व्यवस्था छ। अर्थात् आफ्नो मासिक आम्दानीको ६० प्रतिशत रकम बराबर मात्र किस्ता हुने गरी पैसा ऋण लिन सकिन्छ।

त्यस्तै, ५० लाख रुपैयाँसम्म कर्जा लिनेहरूको हकमा भने यस्तो अनुपात ७० प्रतिशतसम्म पुऱ्याइएको छ।

त्यस्तै, लोन टु भ्यालु रेसियो भनेको सम्पत्तिको मूल्यांकन गर्ने पद्धति हो। अहिले रियल स्टेटको हकमा ५० प्रतिशत र हाउजिङ कम्पनीको हकमा ६० प्रतिशत लोन टु भ्यालु रेसियो पुऱ्याइएको छ। अर्थात् तपाईंको सम्पत्ति एक करोड मूल्यको छ भने बैंकबाट ४० देखि ५० लाख रूपैयाँसम्म पाउनु हुनेछ।

व्यवसायीले भने यी दुवैलाई ८० प्रतिशत पुऱ्याउन माग राख्दै आएका छन्।

घरजग्गा व्यवसायीका अनुसार घरजग्गा व्यवसाय असारदेखि असोजसम्म अफ सिजन मानिन्छ। असोजदेखि जेठसम्मलाई भने घरजग्गा कारोबारको सिजन मानिन्छ।

**एक महिनामा १८ अर्बका ६६ उद्योग दर्ता**

साउन महिनामा करिब १८ अर्ब रुपैयाँ पुँजीका ६ ठूला उद्योगसहित ६६ उद्योग दर्ता भएका छन्। जसले उद्योग क्षेत्रमा उल्लेखनीय सुधारको संकेत गरेको छ। गत वर्षको तुलनामा यो साउनमा लगानी प्रतिबद्धता ४९ प्रतिशतले बढेको देखिन्छ।

विशेषगरी, पर्यटन, सेवामूलक र सूचना प्रविधि क्षेत्रमा लगानीकर्ताहरूको रूचि बढेको छ। कुल १७ अर्ब ७९ करोड रूपैयाँ लगानीमा यी उद्योगहरूले ३ हजार ७५ जनालाई रोजगारी प्रदान गर्ने अनुमान गरिएको छ।

ठूला उद्योग दर्तामा उल्लेखनीय सुधार देखिएको छ। यस अवधिमा करिब १८ अर्ब (१७ अर्ब ७९ करोड) रुपैयाँ बराबरको कुल पुँजीका ६ ठूला उद्योगसहित ६६ उद्योग दर्ता भएका छन्। उद्योग विभागको तथ्यांकअनुसार ६ ठूला र ७ मझौला उद्योगसहित कुल ६६ उद्योग दर्ता भएका छन्।

गत आर्थिक वर्ष २०७९/८० को साउन महिनामा जम्मा ६ अर्ब रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको थियो। यस वर्ष लगानी प्रतिबद्धता ४९ प्रतिशतले बढेर ११ अर्ब ९२ करोड रुपैयाँ पुगेको छ।

ठूला र मझौला उद्योगहरूको दर्तामा पनि वृद्धि भएको देखिएको छ। गत वर्ष साउनमा दुई ठूला र चार मझौला उद्योग दर्ता भएका थिए।

उद्योग विभागका निर्देशक अर्जुन सेन ओलीले अर्थतन्त्रका अन्य सूचकहरू सकारात्मक देखिएकाले यो सुधार भएको र गत वर्षको लगानी सम्मेलनको प्रभाव पनि देखिन थालेको बताए।

वैदेशिक लगानीमा स्वचालित मार्गबाट स्वीकृत गरिएपछि सुधार देखिएको उनको भनाइ छ। उद्योग वर्गीकरणमा १५ करोड रुपैयाँसम्मको पुँजी भएको उद्योगलाई साना, १५ देखि ५० करोड रुपैयाँसम्मको पुँजी भएको उद्योगलाई मझौला र ५० करोड रुपैयाँभन्दा बढी पुँजी भएका उद्योगलाई ठूला उद्योगको रूपमा गणना गरिन्छ।

## साफ...

खेलको दोस्रो हाफमा नेपालले अग्रता बनाउने मौका पाएपनि त्यसलाई सदुपयोग गर्न नसक्दा अग्रता फराकिलो पार्ने मौका गुमायो।

जितसँगै नेपालले सेमिफाइनल पुग्ने सम्भावना बलियो बनाएको छ। समूह चरणको दोस्रो खेलमा नेपालले बिहीबार बंगलादेशविरुद्ध खेल्ने तालिका छ।

लिगमा सोमबार दिउँसो ३ बजे समूह बी को पहिलो खेलमा भारत र भुटान खेल्नेछन्। सो खेल यही मैदानमा हुनेछ।

च्याम्पियनसिपमा नेपालसहित ६ राष्ट्र सहभागी छन्। सहभागी ६ राष्ट्रलाई २ समूहमा विभाजन गरिएको छ। नेपाल रहेको समूह ए मा बंगलादेश र श्रीलंका छन्।

समूह बी मा भारत, मालदिभ्स र भुटान छन्। समूहका शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन्।


**बिमालेख हराएको सूचना**

मेरो निम्न विवरण भएको नेपाल लाइफ इन्स्योरेन्स लि.को बिमालेख यही मिति २०८१।०३। २८ गते बुटवल बसपार्क देखि मजुवा जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम** : अमृत गुरुङ्ग
**ठेगाना** : बुटवल–११, मजुवा
**बिमालेख नं.** : १५००५८८३५
**सम्पर्क** : ९८४७३१६२४७

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**बाइसधारा:**
नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन उपत्यकामा रहेको बराह मन्दिरस्थित बाइसधार। यहाँ रहेक वर्ष जनैपूर्णिमामा ठूलो धार्मिक मेला लाग्छ। बाइसधारामा नुहाएर बराह मन्दिरमा पूजा गर्दा मनोकांक्षा पूरा हुन जनविश्वास छ। *तस्विर : डम्मर बुढामगर/रासस*

# बुटवल मोडलमा एमबीए फाइनान्स पढाइने



भैरहवा। रूपन्देहीको ओमसतिया १ कटैयामा रहेको बुटवल मोडल कलेजमा एमबीए फाइनान्स कार्यक्रम सुरु भएको छ। पोखरा विश्वविद्यालयको सम्बन्धनमा एमबीए फाइनान्स कार्यक्रमको लागि अनुमति दिएसँगै कलेजले घोषणा कार्यक्रम सम्पन्न गरेको हो।

कलेजका प्राचार्य डा. नेत्रप्रसाद बस्यालले बुटवल मोडेल कलेजमा फाइनान्सको एमबीए कक्षाहरु सञ्चालन हुने बताए। राष्ट्रकै शैक्षिक दुईवटा ठूलासंस्थाहरु काठमाडौँ मोडेल कलेज र न्यू होराइजन कलेजले स्वामित्व ग्रहण गरी बुटवल मोडेल कलेजको नामबाट रुपन्देहीको कटैयास्थित शान्त, मनोरम वातावरणमा सुविधा सम्पन्न भवनमा सञ्चालन भएपछि कलेजले गति लिँदै गइरहेको उनले बताए। उच्च शिक्षामा अब्बल सावित गर्दै आएको यस कलेजले स्नाकोत्तर तहमा फाइनन्स कार्यक्रम सुरुवात गरेको बस्यालले बताए।

पोखरा विश्वविद्यालयको अनुमती प्राप्त गरी कक्षाहरु सञ्चालन गरिन थालेको छ। यो कार्यक्रमले व्यवहारिक रुपमा आधुनिक प्रविधिको प्रयोग गरेर अध्यापन गराइने एमबीए फाइन्नासका विद्यार्थीहरुले अध्ययनपश्चात् लुम्बिनी प्रदेश, रुपन्देहीका लागि मात्र नभइ नेपालभरिका औद्योगिक प्रतिष्ठान, बैंक तथा वित्तीय संस्थाका लागि तयार मानवपुँजीका योगदान दिनेछ।

कार्यक्रममा प्रमुख अतिथि पोखरा विश्वविद्यालयका परीक्षा नियन्त्रक डा. तुल्सिराम भण्डारीले पोखरा विश्व विद्यालयको सम्बन्धनबाट कलेज सञ्चालन गरेको बुटलल मोडेल कलेजले बीबीए र बीएचम विषयमा गुणस्तरी शिक्षा प्रदान गरी प्रत्येक वर्ष आफूलाई अब्बल सावित गर्दै आएको बताए।

विश्वविद्यालयले बुटवल मोडेल कलेजलाई गुणस्तरीय शिक्षा गरेकै कारण विश्वास गरेको बताउँदै एमबीए फाइन्नास विषयमा उत्कृष्ठ नतिजा दिने विश्वविद्यालयले विश्वास लिएको उनले बताए।

अध्यक्ष रामेश्वर श्रेष्ठले वि.सं. २०६४ सालमा रुपन्देहीको शंकरनगरमा पोखरा विश्वविद्यालयबाट सम्बन्धन लिइ स्नातकोत्तर तहमा मानविकी, तथा सामाजिक संकायअन्तर्गत एमए कार्यक्रम सञ्चालन गर्दै सुरु भएको तत्कालिन तुल्सीमेहर कलेजको वर्तमान स्वरुपको रुपमा रहेको बुटवल मोडेल कलेज वि.सं. २०७२ सालमा बीबीए कार्यक्रम सुरु गरेको थियो। अभिभावक र विद्यार्थीहरुले कलेजप्रति देखाएको विश्वासले कलेजले प्रगति गर्दै गईरहेको कलेजले जनाएको छ।

बुटवल मोडेल कलेजका बीबीए संयोजक दिपक ज्ञवालीको सञ्चालनमा भएको घोषणा कार्यक्रममा रुपन्देही भित्रका विभिन्न कलेजका प्राचार्यहरु, निजी क्षेत्रका संघसंस्थाका अगुवाहरु, उद्योगी व्यवसायी, बैंकर्स, काडमाडौँ मोडेल कलेजका सञ्चालक, न्यू होराइजन माविका अध्यक्ष, प्राचार्य क्षितिज कलेजका प्राचार्य, विश्वविद्यालयका प्रध्यापकहरु, कलेजका प्राध्यापकहरु, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो।

बुटवल मोडेल कलेजका व्यवस्थापन समितिका अध्यक्ष रामेश्वर श्रेष्ठको अध्यक्षता तथा पोखरा विश्वविद्यालयका परीक्षा नियन्त्रक डा. तुलसीराम भण्डारीको प्रमुख आतिथ्यमा भैरहवामा कार्यक्रम सम्पन्न भएको थियो।

# बंगलादेशमा हिंसा अन्त्य र सद्भाव कायमको अपिल



बुटवल। बंगलादेशमा हिंसा अन्त्य गरी शान्ति र सद्भाव कायम गराउन आग्रह गर्दै मानवअधिकार तथा शान्ति समाज रुपन्देहीले बुटवलको पुष्पलाल पार्कमा प्ले कार्ड प्रदर्शन गरेको हो। बंगलादेशमा भएका मानवअधिकार उल्लंघनका घटनामा निश्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको माग गरिएको हो। कार्यक्रममा सहभागीहरुले शान्ति र सद्भाव कायम गर, अल्संख्यक समुदायमाथि अत्याचार बन्द गर, सद्भाव बिथोल्नेलाई दण्डित गर, स्वतन्त्र निष्पक्ष निर्वाचनमार्फत् लोकतन्त्रको रक्षा गर भन्ने नारासहित प्लेकार्ड प्रर्दशन गरेका थिए।

कार्यक्रममा समाजका केन्द्रीय सल्लाहकार गोबिन्द खनालले बंगलादेशमा राजनीतिक परिर्वतनपछिको समयमा मानवअधिकार हननका धेरै घटनाहरु सार्वजनिक भैरहेको दाबी गरे। 'युवा र प्रहरी दुबैतर्फबाट ठूलो संख्यामा हताहत भएको छ।'- उनले भने। प्रधानमन्त्री मोहमद युनुशबाट अबको जिम्मेवारी पूरा हुने र बंगलादेशमा शान्ति कायम हुने आशा उनले व्यक्त गरे।

अन्तर्राष्ट्रिय तथ्यांकमा आधारित भएर समाजबाट अभियानको थालनी भएको तर्क दिँदै उनले अल्पसंख्यक समुदायमाथि आक्रमण बन्द गर्नुपर्ने बताए। कार्यक्रममा नेपाल चिकित्सक संघ लुम्बिनीका अध्यक्ष डा.कृष्ण खरेलले विश्वभर नै हुने अहिसा रोकिनुपर्ने भन्दै बंगलादेशको घटनासँगै कलकत्तामा एउटा चिकित्सकमाथि भएको दुःखद घटनाको समेत छानबिन हुनुपर्ने बताए।

कार्यक्रममा समाज, रुपन्देही शाखाका सभापति खिमप्रसाद भट्टराई कृष्णले बंगलादेशमा घटेको घटनाबाट विश्व मानव समुदाय नै दुखित भएको भन्दै यसबाट पाठ सिकेर आगामी दिनमा अन्य राष्ट्रहरु सचेत हुनुपर्ने बताए।

कार्यक्रममा रुपन्देही शाखाका उपसभापति कपिल ज्ञवाली, शाखा सचिव कृष्ण पाण्डेले लोकतन्त्र, मानव अधिकार र अहिसाको पक्षमा आवाज उठाउनु सचेत मानव समुदायको दायित्व भएको भन्दै समाज निरन्तर खबरदारी गर्ने बताए।

# नवीनमा असल अभ्यास साझेदारी



बुटवल। नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा विद्यालयका असल अभ्यास साझेदारी कार्यक्रम आइतबार सम्पन्न भएको छ। पूर्व उपप्रधान, सहकारी तथा गरिबी निवारण मन्त्री एवं प्रतिनिधिसभा सदस्य चित्रबहादुर के.सी.ले देशको शिक्षा नीतिमा तत्काल सुधार गर्नुपर्ने, आजका विद्यार्थी भोलिका कर्णाधार भएकोले विदेश पलायन नभई पठनपाठन र सामाजिक क्षेत्रमा सक्रिय रूपमा लाग्न विद्यार्थीहरूलाई आग्रह गरे।

प्रकृतिले सुन्दर देश नेपाल भएको, देशमा धेरै सम्भावना भएकोले देशलाई माया गर्न विद्यार्थीहरूलाई सुझाव दिँदै विद्यालयको भौतिक पूर्वाधार शिक्षक तथा कर्मचारीका समस्याका बारेमा संसदमा र मन्त्रालयमा जोडदार आवाज उठाउने प्रतिबद्धता समेत उनले व्यक्त गरे। विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले विद्यालयले विद्यालयको समग्र सुधारको लागि अपनाइएका असल शैक्षिक अभ्यास, भौतिक ,व्यवस्थापकीय, आर्थिक, शैक्षिक, खेलकुद, अतिरिक्त क्रियाकलाप समुदायसँगको सम्बन्धलगायतका विषयहरू प्रस्तुत गरेका थिए।

विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा विज्ञान समूह कक्षा १२ कि छात्रा कविता सोमैको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आले डेण्टल हसिपटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com